कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२२५६१
फोन नं. ०८३-५२४३२५
Email:- pfcokarnali123@gmail.com
Website: stco.karnali.gov.np

पत्र संख्या:-२०७७/०७८

चलानी नं. ३९६

मितिः- २०७७/१२/२७

विषय:- घरजग्गा रजिष्ट्रेशन तथा ढुङ्गा गिटि बालुवा,दहत्तर,बहत्तर शुल्क रकम सम्बन्धमा ।

**श्री मालपोत कार्यालयहरु,**
रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, जाजरकोट, दैलेख, दुल्लु, सुर्खेत र मेहलकुना

**श्री स्थानीय तहहरु सबै , कर्णाली प्रदेश ।**

प्रस्तुत विषयमा नेपाल सरकार (मा.अर्थमन्त्री स्तर) को मिति २०७५/३/३१ को निर्णय बमोजिम प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधिको प्रकरण नं. ३ बमोजिम मालपोत कार्यालयहरुले महिना समाप्त भएको ३(तीन) दिन भित्र घरजग्गा रजिष्ट्रेशन सम्बन्धि दस्तुर वापत संकलन भएको राजश्वको ४०% प्रदेशलाई र बाँकि ६०% सम्बन्धित स्थानीय तहलाई बाँडफाँड गरि रकम ट्रान्सफर गर्ने व्यवस्था रहेको छ ।

सो निर्णयको प्रकरण नं.४ बमोजिम स्थानीय तहले मनोरञ्जन,विज्ञापन कर र ढुङ्गा गिटि वापतको राजश्व संकलन गरि स्थानीय तहको कारोबार गर्ने बैंकमा ग-४ समूहको बाँडफाँड हुने राजश्व संकलन गर्ने खाता खोली सो खातामा जम्मा भएको रकम मासिक रुपमा ६०% स्थानीय तहको संचित कोषमा र बाँकि ४०% प्रदेशको संचित कोषमा ट्रान्सफर गरी सोको विवरण मासिक रुपमा सम्बन्धित प्रदेशलाई दिनुपर्ने व्यवस्था रहेको छ ।सो सम्बन्धी निर्णयको प्रतिलिपि यस कार्यालयको पुर्व पत्रहरु च.नं.३०१ मिति २०७५/१०/१५ र च.नं. ३३४ मिति २०७५/११/०९ को परिपत्रबाट पठाई सकिएको छ ।

उक्त निर्णय कार्यान्वयन गरि प्रदेश सरकारलाई उक्त कार्यालयहरुले उपलब्ध गराउनु पर्ने राजश्व NEW RMIS प्रयोग गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालय मार्फत तपशिल अनुसारका बैंक खाताहरुमा राजश्व रकम जम्मा गरिदिनुहुन अनुरोध छ ।

प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२२५६१
फोन नं. ०८३-५२४३२५
Email:- pfcokarnali123@gmail.com
Website: stco.karnali.gov.np

पत्र संख्याः-२०७७/०७८

चलानी नं. ३०६

**तपशिलः**

१) घर जग्गा रजिष्ट्रेशन वापतको रकम राजश्व शिर्षक नं.११३१५(बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर)

२) ढुङ्गा गिटि बालुवा वापतको बाँडफाँड भै प्रदेश सरकारलाई उपलब्ध गराउदा राजश्व शिर्षक नं. १४१५७ (बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय) मा जम्मा गर्ने व्यवस्था हुन ।

३) मनोरञ्जन कर राजश्व शिर्षक नं. (११४७१) बाँडफाँडबाट प्राप्त मनोरञ्जन कर

४) विज्ञापन कर राजश्व शिर्षक नं. (११४७२) बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर

५) **कर्णाली प्रदेश सरकारको राजश्व जम्मा गर्ने बैंकहरु र खाता नं.**

क) राष्ट्रिय बाणिज्य बैंक लि. १०००१००२०१०१०००६

ख) नेपाल बैंक लि. २७५०२००००००१००१००००००१

६) **जिल्लागत कार्यालय एवं सरकारी कारोबार गर्ने बैंकको विवरणः**

| सि.नं | कार्यालयको नाम | कार्यालयको कार्यालय कोड | बैंकको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश लेखा इकाई कार्यालय, सुर्खेत | ३०५०१६८०१६ | रा.बा. बैंक सुर्खेत | १ वापतको राजश्व रकम,अवधि ८ कार्यालयको नाम खुल्ने गरि बैंक भौचरमा उल्लेख गर्ने |
| २ | प्रदेश लेखा इकाई कार्यालय, रुकुम पश्चिम | ३०५०१५९०१६ | नेपाल बैंक लि. | |
| ३ | प्रदेश लेखा इकाई कार्यालय, सल्यान | ३०५०१६००१६ | नेपाल बैंक लि. | |
| ४ | प्रदेश लेखा इकाई कार्यालय, डोल्पा | ३०५०१६१०१६ | नेपाल बैंक लि. | |
| ५ | प्रदेश लेखा इकाई कार्यालय, जुम्ला | ३०५०१६२०१६ | रा.बा. बैंक सुर्खेत | |
| ६ | प्रदेश लेखा इकाई कार्यालय, मुगु | ३०५०१६३०१६ | रा.बा. बैंक सुर्खेत | |
| ७ | प्रदेश लेखा इकाई कार्यालय, हुम्ला | ३०५०१६४०१६ | रा.बा. बैंक सुर्खेत | |
| ८ | प्रदेश लेखा इकाई कार्यालय, कालीकोट | ३०५०१६५०१६ | नेपाल बैंक लि. | |
| ९ | प्रदेश लेखा इकाई कार्यालय, जाजरकोट | ३०५०१६६०१६ | नेपाल बैंक लि. | |
| १० | प्रदेश लेखा इकाई कार्यालय, दैलेख | ३०५०१६७०१६ | रा.बा. बैंक सुर्खेत | |

**बोधार्थः**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै कर्णाली प्रदेशः-आवश्यक समन्वय गरिदिनुहुन ।

श्री प्रदेश लेखा इकाई कार्यालय सबै कर्णाली प्रदेशः-उपरोक्त अनुसार शुल्क संकलन गरी रकम जम्मा गराउन सक्रिय अनुगमन गर्नु हुन।

(मान बहादुर बम)
प्रदेश लेखा नियन्त्रक

"स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"